जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल

## नगर कार्यपालिकाको छपन्नौं बैठकका निर्णयहरु

## मितिः२०८२/१२/१९ गते बिहीबार

**प्रस्तावहरुः-**

(१) जीतपुरसिमरा नगर अस्पताल व्यवस्थापन तथा आर्थिक कार्यविधि, २०८२ सम्बन्धमा ।

(२) हाल सम्मका कार्यपालिका बैठकका निर्णयहरु र कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

(३) यस कार्यकालको हालसम्मको प्रगति पुस्तिका (४ वर्ष) प्रकाशन सम्बन्धमा ।

(४) तयारी कक्षा एवं भाषा शिक्षण निर्देशिका, २०८२ ।

(५) संस्थागत विद्यालय छात्रवृत्ति कार्यविधि, २०८२ ।

(६) चिस्यान केन्द्रको लागि सिफारिस सम्बन्धमा ।

**सम्वत् २०८२ चैत्र १९ गते बिहीबार बसेको कार्यपालिकाको छपन्नौं बैठकका निर्णयहरुः**

**निर्णय नंः- (१)**

जीतपुरसिमरा नगर अस्पताल व्यवस्थापन तथा आर्थिक कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

**निर्णय नंः- (२)**

विगतमा बसेका कार्यापालिकाको ५५ औं बैठकसम्मका निर्णयहरु समिक्षा गरियो । आगामि दिनमा हुने कार्यपालिका बैठकका निर्णयहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न जोड दिने ।

**निर्णय नंः- (३)**

जीतपुरसिमरा उपमहानगरपालिकाको हालका जनप्रतिनिधिहरुको कार्याकाल ४ वर्ष पुग्ने दिन मिति २०८३/०२/०७ गते ४ वर्षे कार्यकालको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने ।

**निर्णय नंः- (४)**

जीतपुरसिमरा उपमहानरपालिकाको तयारी कक्षा एवं भाषा शिक्षण निर्देशिका, २०८२ स्वीकृत गर्ने।

**निर्णय नंः- (५)**

जीतपुरसिमरा उपमहानरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति कार्यविधि, २०८२ थप अध्ययन तथा छलफल गरि आगामी बैठकमा पुनः पेश गर्ने।

**निर्णय नंः- (६)**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ३३१ मिति २०८२/१२/१७ पत्र तथा कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयको बजेट तथा कार्यक्रम शाखाको प.सं. २०८२/०८३ च.नं. यो.ब.का/ ५१९, २०८२/१२/१७ को पत्रानुसार विवरण माग भए बमोजिम यस जीतपुरसिमरा उपमहानगरपालिकामा चिस्यान केन्द्रको आवश्यकता रहेको हुँदा वडा नं. ११, साबिकको फत्तेपुर गा.वि.स. वडा नं. ७ को कि.नं. १८१, ज.वि. ३-४-०-० को नेपाल सरकारको नाममा रहेको जग्गामा चिस्यान केन्द्र निर्माणका लागि अनुरोध गर्ने । साथै, चिस्यान केन्द्र निर्माणमा लाग्ने कुल लागतको ५० प्रतिशत हिस्सा उपमहानगरपालिकाले बेहोर्ने बेहोरा अनुरोध गर्ने।

राजन पौडेल
नगर प्रमुख